# पाल्हीनन्दन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय,
## पाल्हीनन्दन, नवलपरासी
## लुम्बिनी प्रदेश, नेपाल

## सिलबन्दी बोलपत्र/दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति :२०७८/०२/०६**

यस पाल्हीनन्दन गाउँपालिकाको आ व २०७७/०७८ को वार्षिक स्विकृत कार्यक्रम अन्तर्गत यस गाउँपालिकाका गरिव विपन्न तथा दलित परिवारहरूलाई सिलिन्डर ग्यास वितरण गर्ने कार्यक्रम रहेकोले सिलिन्डर ग्यास खरिद कार्यको लागी इजाजत प्राप्त फर्म /संस्था /कम्पनीहरूका लागि यो ३० दिने सूचना प्रकाशित गरिएको छ। प्रचलित ऐन कानूनको परिधि भित्र रहि ईच्छुक कम्पनीहरूले निम्न शर्तको पालना गरि तोकिएको म्याद भित्र यस कार्यालयमा शिलवन्दी दरभाउपत्र पेश गर्नुहुन अनुरोध छ।

शर्तहरु :

१. सम्बन्धित कागजातहरू संलग्न राखी यस पाल्हीनन्दन गाउँपालिकाको कार्यालय, नवलपरासी बाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले वोलपत्रपत्रको हकमा ३० औं दिनसम्म कार्यालयको नेपाल बैंक लिमिटेड, पाल्हीनन्दन शाखा, बेलासपुर स्थित रहेको राजश्व संकलन खाता नं.२४८०३००००००००४००२००१ मा जम्मा गरेको भौचर सहित वोलपत्र/दरभाउ प्रकाशित सम्बन्धि सूचनामा तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई कार्यालय समय भित्र खरिद गर्न सकिने छ।

२. वोलपत्रपत्र खरीदगर्दा आ.व.०७७/७८ सम्म अद्यावधिक नवीकरण भएको ईजाजतपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र र मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व. ०७६/७७ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ।

३. खरीद गरिएका वोलपत्र/दरभाउपत्रहरू उल्लेख भएका सबै विवरणहरू भरी वोलपत्रपत्रदाताले प्रत्येक पानामा सही छाप गरी खामबाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोप्राइटरको नाम, ठेगाना, फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले वोलपत्रको हकमा ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। म्यादभित्र प्राप्त हुन आएका सिलबन्दी वोलपत्र/दरभाउपत्र सोही दिन दिनको १४:०० बजे कार्यालयका प्रतिनिधि तथा बोलपत्रदाताहरू वा निजको अधिकार प्राप्त प्रतिनिधिहरूको रोहवरमा गाउँपालिकाको कार्यालयमा खोलिने छ। वोलपत्र/दरभाउपत्र दाता वा निजको अधिकार प्राप्त प्रतिनिधि अनुपस्थित भएमा पनि कार्यालय प्रतिनिधिहरूको रोहवरमा वोलपत्र/दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको सिलबन्दी/दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन।

५. सिलबन्दी वोलपत्र/दरभाउपत्रको प्रत्येक आइटमको दर भ्याट वाहेकको अंक र अक्षरमा प्रष्ट उल्लेख गरी पेश गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

६. कामको गुणस्तर स्वीकृत स्पेसिफिकेसन अनुसार हुनुपर्नेछ। वोलपत्रपत्र दाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसंग बुझी दररेट भरेको मानिने छ।

७. वोलपत्र/दरभाउपत्रसाथ जमानत वापतको तल उल्लेखित रकम पाल्हीनन्दन गाउँपालिको कार्यालय, पाल्हीनन्दन नवलपरासीको नेपाल बैंक लिमिटेड पाल्हीनन्दन शाखा बेलासपुर शाखामा रहेको धरौटी खाता २४८०३०००००३००००००००१ मा दाखिला गरेको सक्कल भौचर अथवा यस कार्यालयको नाममाजारी भएको सिलबन्दी वोलपत्र/दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिवाट कम्तिमा वोलपत्रको हकमा १२० म्याद भएको बाणिज्य वा सो वैंकबाट जारी भएको वैंक जमानत (Bid Bond) संलग्न हुनु पर्नेछ।

८. कुनै पनि वोलपत्रपत्र दाताले एउटा ठेक्काको लागि एउटै मात्र वोलपत्र/दरभाउपत्र खरीद र दाखिला गर्न सक्नेछन्। यो शर्त संयुक्त उपक्रममा पनि लागू हुनेछ।

९. वोलपत्रपत्र खरीद गर्ने वादर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ।

१०. रीत नपुगी वा म्याद नाघी आएका सिलबन्दी वोलपत्र/दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

११. नेपाल सरकारको हितलाई ध्यानमा राखी कुनै कारण जनाई वा नजनाई सिलबन्दी वोलपत्र/दरभाउपत्र पुरा वा आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

१२. वोलपत्र पत्र स्वीकृत भइसके पछि कवोल अंकको ५% ले हुने रकम माथि उल्लेखित खातामा जम्मा गरेको सक्कल वैंक भौचर वा कम्तीमा १३ महिना म्याद भएको परफरमेन्स बन्ड (Performance Bond) पेश गरी सम्झौता गर्नु पर्नेछ।

१३. यसमा उल्लेख नभएका अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ।

१४. सिलबन्दी वोलपत्रद/भाउपत्र सम्बन्धि अन्य जानकारी चाहिएमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

१५. यस पाल्हीनन्दन गाउँ कार्यपालिकाको आथिक ऐन अनुसार तोकेको ब्यवसायी कर तिरेको रसिद अनिवार्य रूपमा पेश गर्नुपर्ने छ।

**बोलपत्र/सिलबन्दी दरभाउपत्र सम्बन्धिकार्यको विवरण**

| क्र.सं. | ठेक्का नं. | ठेक्काको किसिम | कामको विवरण | ल.ई.रकम रु. (भ्याट समेत) | धरौटी रकम (रु.) | बोलपत्र/सिलबन्दी दर भाउपत्र खरीद दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | ०१/०७७/७८/ PNRM/ GOODS/NCB | वोलपत्र | दलित गरिब र विपन्न ९०० घर परिवारलाई ग्यास चुल्हो सेट वितरण ७० प्रतिशत अनुदानमा। | ४९,९८,७५८/४० | १,२६,०००/०० | ३,०००/०० |

**प्रमुख प्रशासकिय अधिकृत**